नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
उष्ण प्रदेशीय बागवानी केन्द्र
नबलपुर, सर्लाही

## ताजा आँप फल बिक्री बितरण गरि राजश्व दाखिला गर्ने सम्बन्धी शीलबन्दी बोलपत्र आह्वानको सुचना

**( दोस्रो पटक प्रकाशित मिति २०८३/०२/१९)**

यस केन्द्रको आ.ब. २०८२/०८३ को ताजा आँप फल बढाबढ प्रकृयाद्वारा बिक्री बितरण गरि राजश्व दाखिला गर्न इच्छुक व्यक्ति/फर्म ले यस केन्द्रबाट उपलब्ध हुने शिलबन्दी बोलपत्रको फारम रु ३०००।- (फिर्ता नहुने गरि) मा खरिद गरि बोलपत्र उल्लेखित शर्तहरुको अधिनमा रहि रितपुर्वकका शिलबन्दी बोलपत्र दोस्रो पटक सुचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र खरिद गर्न र ८ औ दिनको १२.०० बजेसम्म यस केन्द्रमा पेश गर्न सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। अन्य बिस्तृत जानकारीको लागी यस केन्द्रको वेभसाइट www.thcsarlahi.gov.np मा हेर्न सकिने साथै कार्यालय समयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

नोट: यस ठेक्का सम्बन्धी सम्पुर्ण प्रकृया रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

तपशिल

| सि.नं. | फलफूल विवरण | ठेक्का नं. | न्युनतम ठेक्का रकम रु. |
|---|---|---|---|
| १. | ताजा आँप | २,२०८२/०८३ | रु २९,४५,०००।- अक्षरेपी रु. उनन्तिस लाख पैंतालिस हजार मात्र। |

०४/१९

राम कुमार यादव
वरिष्ठ बागवानी विकास अधिकृत
(रा.प.द्वि.प्रा.)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र

**उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाही**

ताजा आँप फल बिक्री गर्न सिलबन्दी बोलपत्र आव्हानको सूचना
(दोस्रो पटक प्रकाशित मिति :- २०८३/०२/१९)

**ताजा आँप फल बिक्री सम्बन्धी ठेक्का नं. : ०२-२०८२/८३**

यस केन्द्रभित्र रहेको आँप बगैंचामा फल्ने ताजा आँप फलको बिक्री गरि राजश्व बुझाउने कामका लागि तपसिल बमोजिमको शर्तको अधिनमा रहि रित पूर्वक बढाबढ प्रकृयाबाट सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

तपसिल :

१) दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र रु. ३००० (अक्षरेपी रु. तीन हजार मात्र) फिर्ता नहुने गरि नगदै बुझाई फर्मको हकमा स्थायी लेखा नं., मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, अध्यावधिक नविकरणसहितको इजाजत पत्रहरुका प्रमाणित प्रतिलिपीहरु र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी समेतको कागजात संलग्न राखी बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीले लिखित निवेदन दिई यस केन्द्रबाट कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिने छ।

२) खरीद भएको बोलपत्र फारम रितपूर्वक प्रष्टसंग अंक र अक्षरमा भरी सम्बन्धित व्यक्ति/फर्मले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण लेखि ८ औं दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नु पर्ने छ। दर्ता भएको बोलपत्रहरु सोही दिन २:०० बजे उपस्थित बोलपत्र दाताहरु तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाताहरु र निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) बोलपत्रदाताले केन्द्रबाट उपलब्ध गराएको टेण्डर-फारममा उल्लेखित न्युनतम बिक्री मूल्यमा नघटाई पेश गर्नु पर्नेछ। यस केन्द्रले तोकेको न्युनतम बिक्री मूल्य भन्दा घटी रकम कबोल गर्ने बोलपत्र मान्य हुने छैन ।

४) टेण्डर-फारम साथ धरौटी वापत बोलपत्रदाताले कवोल गरेको अंकको ५% ले हुन आउने जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीको नेपाल बैंक लिमिटेड मलंगवा स्थित धरौटी खाता नं. ०२९०१०००००२००३००००१ कार्यालय कोड नं. ३१२०११९०१ मा जम्मा गरेको बैंक भौचर वा सो बरावरको यस केन्द्रको नाममा जारी गरिएको कम्तीमा ६ महिना अवधि भएको शर्त रहित बिडबण्ड पेश गर्नुपर्ने छ।

५) टेण्डर-फारम शर्तरहित, केरमेट नभएको तथा केन्द्रले उपलब्ध गराएको फारममा कुनै पनि थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको, बोलपत्र माथि कारवाही हुने छैन।

६) टेण्डर-फारम खरिद गर्दा वा दर्ता गर्दा बोलपत्रदाताले केन्द्रमा सम्पर्क राखि स्थलगत रुपमा आँप बगैंचा हेरि राम्रो संग बुझि भरेको मानिने छ।

७) टेण्डर-फारम खरिद गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

राम कुमार यादव
वरिष्ठ बागवानी विकास अधिकृत
(रा.प.द्वि.प्रा.)

८) टेण्डर-फारममा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९) कुनैपनि कारण जनाई सम्पुर्ण ठेक्का स्विकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा निहित हुने छ। नियम अनुसार लाग्ने करहरु र स्थानिय स्तरमा लाग्ने करहरु ठेकेदारले स्वयम व्यहोर्नुपर्ने छ।

१०) टेण्डर स्विकृत भएको जानकारी पाएको मितिले ३ दिन भित्र सम्बन्धित व्यक्ति/फर्मले कबोल अंकको १५% रकम राजश्व खातामा जम्मा गरी सो को भौचर साथै बाँकी ८५% रकमको बैंक ग्यारेन्टी वा नगदै अनिवार्य रुपमा ल्याई सम्झौता गर्न आउनुपर्ने छ। समयमा सम्झौता गर्न नआएमा धरौटी जफत गरि आवश्यक कारवाही अगाडी बढाईने छ।

११) बोलपत्र स्विकृत भई कायदिश दिई सकेपछि बगैंचाको सुरक्षाको आवश्यक व्यवस्था ठेकेदार स्वयमले मिलाउनु पर्ने छ। तथापी यस केन्द्रमा रहेको पाले पहराका निम्ती खटिएका जनशक्तिलाई फलको सुरक्षाको लागि कार्यालयसँग समन्वय गरी समेत परिचालन गर्न सकिने छ।

१२) फल टिप्ने क्रममा आँपको बोटका लामा हांगाहरु भाँचि कुनै किसिमको हानि-नोक्सानी गर्न पाईने छैन, हानी नोक्सानी हुन गएमा केन्द्रले गरेको मूल्यांकन बमोजिमको क्षतिपुर्ती फर्मले व्यहोर्नु पर्ने छ।

१३) आँप ठेक्का सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१४) केन्द्रले प्राविधिक परिक्षणको लागि छुटयाईएको प्रत्येक जातको १/१ बोट ठेक्का लिने फर्मले टिप्न पाउने छैन र यस मूल्याङ्कन भित्र केन्द्रका सम्पूर्ण विजु बिरुवा, अवेहयात ब्लक, कर्मचारी आवास क्षेत्र भित्र पर्ने बोट, कार्यालय पछाडिको एक लाइन तथा नर्सरी क्षेत्रमा रहेको बोट समावेश नगरिएको बुझ्नुपर्ने हुन्छ।

१५) आँप फलको ठेक्काको लागि न्यूनतम ईस्टिमेट अंक रु. २९,४५,०००। अक्षरेपी रु. उनन्तिस लाख पैंतालिस हजार मात्र कायम गरिएको छ।

१६) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

राम कुमार यादव
वरिष्ठ बागवानी विकास अधिकृत
(रा.प.द्वि.प्रा.)